# इसीडी तालिम संचालन (समूह नं. ८)

धापाखेल, प्रतिवेदन

**प्रतिवेदन पेश गरिएको**

जिल्ला विकास समितिको कार्यालय

मानभवन, ललितपुर

**प्रतिविन पेश गर्ने संस्था**

आदिवासी जनजाति महिला युवा संजाल

पुल्चोक, ललितपुर

धापाखेलका सामुदायिक विद्यालयका महिलाहरुलाई लक्षित गरी संचालन गरिएको
***इसिडि कक्षा संञ्चालन*** कार्यक्रमको
प्रतिवेदन

**परिचय**

आदिवासी जनजाति महिला युवा संजालको आयोजना तथा ललितपुर जिल्ला विकास समितिको आर्थिक सहयोगमा ललितपुर जिल्लाको धापाखेलका *महिलाहरुलाई लक्षित गरी* ***इसिडि कक्षा संञ्चालन*** मितिः २०७३ जेष्ठ ०७ गते देखी २०७३ जेष्ठ १६ गते सम्म सम्पन्न गरिएको थियो ।

नेपाल विकासौन्मुख राष्ट्र हो । यहाँको शैक्षिक अवस्था सामान्य रुपमा ७० प्रतिशत भन्दा माथि साक्षर देखाएता पनि वास्तविक शैक्षिक अवस्था र गुणस्तर कम रहेको छ । साथै नेपालमा २०७२ वैशाखमा आएको भूकम्पले हालसम्म पनि वालवालिकाहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा असर पारीरहेको छ । सिप नै आजको आवश्यकता भएको हुनाले र बेरोजगारीहरुलाई सिप सिकाउनु पर्ने र क्षमता विकास गर्नु पर्ने भएको हुनाले यो कार्यक्रम सम्पन्न गरिएको हो । साथै स्थानिय विद्यालयहरुमा क्षमता विकास आवश्यक रहेको हुनाले यो कार्यक्रम संचालन गरिएको थियो । महिला, युवाहरु आफ्नो भविष्य निर्माण गर्नको लागी केही सिक्नुपर्ने अवस्था भएको समयसमा संक्रमणकालीन अवस्था भएको हुनाले त्यस्ता समुदायहरुलाई केही रुपमा भएता पनि सकारात्मक शिक्षा आर्जनको निमित्त उनीहरुमा वातारण तयार गर्नको लागी तथा आफुलाई आफ्नो क्षमता विकास गरी रोजगारीको अवसर सृजना गर्नको लागी जिल्ला विकास समिति ललितपुरको आयोजनामा तथा आदिवासी जनजाति महिला युवा संजालको आयोजना तथा व्यवस्थापनमा स्थानिय महिलाहरुलाई लक्षित गरी इसिडि कक्षा संचालन गरि कार्यक्रम प्रतिवेदन तयार गरिएको छ ।

**कार्यक्रमको उद्देश्य**

- लक्षित स्थानिय महिला युवाहरुलाई पूर्व इसिडि कक्षा बारेमा शिक्षा दिनु ।
- प्रशिक्षार्थीहरुलाई प्रशिक्षक शिक्षा दिनु ।
- बेरोजगार रहेका युवा महिलाहरुलाई स्वरोजगार स्थापना गर्न क्षमता विकास गर्ने ।

**कार्यक्रम संचालन विधि**

कार्यक्रम संचालन गर्नको लागी संस्थाले सर्वप्रथम स्थानिय विद्यालयहरुसँग छलफल गरेको थियो । नेपाल सरकारले सरकारी विद्यालयहरुमा ईसिडि कक्षा संचालन गरेको तर त्यसमा दक्ष शिक्षक नभएकोले सोही विद्यालयहरुमा भएको ईसिडि शिक्षकहरुलाई सहभागीहरुको सहभागी छनौट गरिएको थियो । स्थानिय विद्यालयहरुसँग सरसल्लाह अनुसार पायक पर्ने स्थानमा कार्यक्रम संचालन गर्नको लागी स्थान चयन गरिएको थियो । स्थानिय स्तरमा सहभागीहरुको व्यवस्थापन गर्न स्थानिय विद्यालय, शिक्षकहरुसँग सहकार्य गरिएको थियो । सहभागीहरुको छनौट गरि सके पश्चात विषयमा विज्ञ प्रशिक्षक मार्फत कक्षा संचालन गरिएको थियो । कक्षा संचालन प्रशिक्षकको रुपसना तामाङलाई व्यवस्थापन गरिएको थियो । प्रशिक्षकले फोटोकपी, व्हाइट बोर्ड, ब्राउन पेपर, इसिडि कक्षा संचालन गर्न चाहिने वस्तु तथा खेलौनाहरु ग्रिनम्याट, काउन्टीङ वक्स, म्याट वक्स, पिङक टावर, कार एण्ड काउन्टर, क्लफेक्स कार वक्स, सेभ वक्स  आदिको माध्यम मार्फत प्रशिक्षित गराएका थिए ।

**प्रशिक्षकले दिएका विषय वस्तुहरु**

प्रशिक्षकले विभिन्न विषय वस्तुहरुलाई आधार बनाएर प्रशिक्षित गरेका थिए । जसमा खासगरी चारवटा विषयहरुलाई आधार बनाएर तालिम दिएका थिए ।

1. **Language Art:** यसमा खासगरी वालवालिकाहरुलाई कसरी उनीहरुमा शिक्षा दिने, शिक्षा दिन अगाडी के कस्तो खालको वातावरणहरु तयार गर्नु पर्छ भन्ने कुरा सिकाइएको थियो । जस्मा निम्न अनुसारको ज्ञानहरु सिकाइएको थियो ।
   - Listening Skills: यसमा खासगरी वालवालिकाहरुलाई कसरी सुन्ने, किन सुन्ने, कस्तो खालको कुराहरु ध्यान दिनु आवश्यक छ भन्ने बारेमा तालिम दिइन्छ ।
   - Speaking Skills: कसरी बोल्ने, को सँग कसरी बोल्ने, कस्तो अवस्थामा के बोल्ने भन्ने बारेमा तथा वालवालिकाहरुलाई बौल्दा ध्यान दिनुपर्ने कुराहरुको बारेमा जानकारी गरिएको थियो ।
   - Reading Skillक कसरी बच्चाहरुलाई पढ्न सिकाउने, कसरी पढ्ने, स्वर के कसरी उचारण गर्ने भन्ने बारेमा सिकाइन्छ ।
   - Writing Skillक बालवालिकाहरुलाई लेख्न सिकाउँदा कसरी सिकाउने, केले लेख्न लगाउने, कसरी सिकाउने आदि कुराहरुको बारेमा यसमा सिकाइन्छ ।

2. **Reward Method and Technique:** वालबच्चाहरुमा उत्साह तथा जोस ल्याउने किसिमको वातावरण तयार गर्न उनीहरुलाई सकारात्मक प्रोत्साहन पुरस्कार गर्नु पर्दछ । त्यसको लागी आवश्यक समय, केटाकेटीहरुको अवस्था, उनीहरुले गरेको कामको आधारमा उनीहरुलाई पुरस्कार, हौसला दिन सकिन्छ । यसले उनीहरुमा उत्साह पैदा गर्दछ । यसरी पुरस्कृत गर्दा कुनै पनि समयमा एक बच्चालाई गरेमा अर्को समयमा अर्कोलाई गर्दै सबैलाई समान अवसर दिनु पर्दछ । जसमा निम्न अनुसारको हौसलाहरु हुन सक्छन ।

    - Paper Crown
    - Sticker
    - Badge
    - Positive Comments
    - Clap
    - Kiss
    - Positive laugh

3. **Practical Life Exercise:** दैनिक जीवनमा आवश्यक पर्ने शारिरीक व्यायामहरु तथा अन्य शारिरीक क्रियाकलापहरु गर्न यसमा सिकाइन्छ । कसरत गर्दा कसरी गर्ने, तयारी अवस्था कसरी गर्ने, पूर्व तयारीहरु के हुन सक्छ ? कसरी शरिरलाई फुर्ति राख्न सकिन्छ आदिको बारेमा यसमा अध्ययन गराइन्छ । यसको साथै कागजहरु कसरी काट्ने, खेलौना कसर बिनाउने जसमा विभिन्न किसिमको पुतलीहरु, मानव चित्रहरु, फुल, तारा लगायतको चित्रहरु आदि हुन सक्छ । विद्यालय तथा घर परिवारमा आवश्यक खेलौनाहरु, ट्रे बोक्ने, फोहोर व्यवस्थापन, ढोका खोल्ने, मार्ने, बोक्ने, घरपालुवा जनवारहरुसँग खेल्ने, पानी खन्याउने, पोलिस गर्ने, कपडा धुने, हात मिलाउने, अंगालो मार्ने, कपडा लगाउने, निकाल्ने, चौडीमा खेल्ने, पालो पर्खने, सँगै बस्ने, सँगै हिड्ने, साथीसँग मिल्ने तथा विभिन्न किसिमका खेलौनाहरुको खेलौना प्रयोग गर्ने, राखेर मिलाउने आदि कुराहरुको बारेमा जानकारी गरिन्छ ।

4. **Sensorial Learning:** वालवालिकाहरुमा ज्ञानेन्द्रयहरुको बारेमा पनि विभिन्न ज्ञानवर्द्धक सिकाईहरु सिकाइन्छ । जसमा विभिन्न ज्ञानेन्द्रयहरुको जानकारी तथा प्रयोग विभिन्न अभ्यासहरु गरिनेछ । जुन निम्न अनुसार छन् ।

- **EYE:** आखाँको प्रयोग उपयोग, यसले के के काम गर्छ ? कसरी काम गर्छ ? के छ फाइदा आदि कुराहरुको बारेमा चित्रकला मार्फत ज्ञानहरु लिन सक्छ । जस्तो आँखाको माध्यमबाट फरक छुट्याउने, जोडा मिलाउने, कपडा मिलाउने आदि कुराहरुको बारेमा जानकारी दिन सकिन्छ । चित्रको माध्यमबाट बाटो पत्ता लगाउने, फरकपना छुटाउने, चित्र बनाउने, फलको नामलाई अक्षरमा मिलाउने जस्ता कामहरु गर्न सिकाउन सक्छ ।
- **EAR:** कान मान्छेको नभइ नहुने अंगको रुपमा लिन सकिन्छ । मान्छेले कानको सहायता बाट नै सबै कुराहरु गर्ने, सुन्ने, गफ गर्ने आदि गरिन्छ । कानको माध्यमबाट विभिन्न किसिमको आवाजहरु निकाल्ने, आवाज आएको कुराहरुलाई थम्याउने, आवाजको माध्यमबाट वस्तुहरु थाहा पाउने । यसबारेमा वालवालिकाहरुलाई ज्ञान दिन सकिन्छ ।
- **NOSE:** नाक मानिसको अर्को अंग हो । जुन नाकको सहायताले सुध्ने काम गर्दछ । केको बास्ना हो, कस्तो हो आदि धेरै कुराहरुको बारेमा जानकारी दिन सक्छ । वालवालिकाहरुलाई कस्तो वस्तु कसरी, किन सुध्ने भन्ने बारेमा जानकारी दिन सकिन्छ । नाकको सहायताले धेरै कुराहरु पत्ता लगाउन सकिन्छ ।
- **SKIN:** अर्को अंग हो छाला । छालाले वा छालालाई छोएर धेरै कुराहरु पत्ता लगाउन सकिन्छ । मानिसको शरिर नै छालाले ढाकेर बनेको हुनाले यसको आफ्नै महत्व छ । यस बारेमा कसरी छालाको माध्यमबाट वस्तुहरुको पहिचान गर्ने भन्ने बारेमा जानकारी दिन सकिन्छ ।

यसको साथै वालवालिकाहरुलाई कसरी सकारात्मक विषयहरुपमा उत्साहित गराउने, उनीहरुमा कसरी सकारात्मक वानी व्यहोराको विकास गर्न सकिन्छ भन्ने बारेमा व्यवहारिक रुपमा विकास गराउने किसिमको अभ्यासहरु गराइएको थियो । उनीहरुलाई कस्तो प्रकारको खेलौना दिने, कसरी खेल्न दिने, कस्तो अवस्थामा के खेलाउने दिने आदि कुराहरुको बारेमा क्षमता विकास मुलक प्रशिक्षा दिइएको थियो ।

**उपलब्धिहरु**

लक्षित स्थानिय समुदायका विभिन्न विद्यालयका १० जना ईसिडि शिक्षकहरुलाई एक महिने इसिडि तालिम मार्फत केही रुपमा भएता पनि शिक्षकहरुमा क्षमता विकास भएको छ । उनीहरुले आफ्नो विद्यालय तथा अन्य क्षेत्रहरुमा गएर भएता पनि इसिडि कक्षा संचालनमा प्रशिक्षकको रुपमा तालिम दिन वा शिक्षकको रुपमा काम गर्न सक्छन् । यसैगरी अप्रत्यक्ष रुपमा उनीहरुले परिवारमा, समाजमा अन्य महिला युवाहरुलाई पनि तालिम दिएर थप अरुलाई क्षमताको विकास गर्न सक्नेछ । यसले स्थानिय सम्बन्धित निकायहरुमा थप सहयोग पुग्नेछ ।

**चुनौतीहरु**

धापाखेल शहरको नजिक भएता पनि  वर्षाको समय भएको कारण कार्यक्रम व्यवस्थापन गर्न निकै नै अप्ठेरो परेको थियो । यसो हुनाको कारण ललितपुर जिल्ला विकास समितिले दिने कार्यक्रमहरु माघ महिना भित्रमा संझौता गरेको भए हतारमा काम गर्नुपर्ने थिएन । वर्षाको समय भएको र गाडी जान आउन पनि समस्या भएको कारण निकै नै व्यवस्थापन गर्न गाह्रो भएको थियो । यसको साथै निकै खर्च पनि भएको हुनाले दिएको रकमले व्यवस्थापन गर्न गाह्रो भएको थियो ।

**सुझावहरु**

- जिल्ला विकास समितिको कार्यक्रमहरु आगामी दिनहरुमा कम्तिमा माघ महिनामा संझौता गर्ने किसिमले सम्पन्न गर्नु पर्ने ।
- स्थानिय समुदायहरुको समयलाई ख्याल गरेर कार्यक्रम समय तालिका तयार गर्नुपर्ने ।
- लक्षित समुदायहरुलाई उनीहरुको स्थानिय आवश्यकतालाई ध्यानमा राखेर कार्यक्रमहरु तयार गर्नुपर्ने ।
- यातायात, खाजा खर्चमा आर्थिक व्यवस्थापन गर्नुपर्ने तथा वृद्धि गर्नुपर्ने

**निष्कर्ष**

जिल्ला विकास समिति ललितपुरको आर्थिक सहयोगमा, आदिवासी जनजाति महिला युवा संजालको सहकार्यमा लक्षित समुदायमा गरिएको इसिडि तालिम समग्र रुपमा स्थीय विदालयका शिक्षकहरुलाई लक्षित गरी संचालन गरिएको र उनीहरुले केही रुपमा भएता पनि क्षमता विकास

भएको हुनाले यो कार्यक्रम सफल भएको थियो । यस तालिम पश्चात स्थानिय लक्षित समुदायहरुमा इसिडि कक्षा संचालनमा गुणात्मक रुपमा परिबर्तन आउनेछ । यसलाई सकारात्मक रुपमा लिन सकिनेछ ।